प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०

# प्रेस विज्ञप्ति

मिति : २०७७/१/२१

स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा र कोभिड-१९ को संक्रमण तथा व्यवस्थापनका लागि स्थापित एम्बुलेन्स व्यवस्थापन समितिका संयोजक लगायत प्रतिनिधिहरुका वीचमा विविध बिषयमा छलफल भएको छ।

स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माको उपस्थितिमा आ.व. २०७६/७७ का वार्षिक कार्यक्रमका बारेमा समिक्षा हुनुका साथै यसै आर्थिक वर्ष भित्र कोभिड- १९ र अन्य संक्रामक रोग संग सम्बन्धित रहेर गरिने कार्यक्रमहरुको बारेमा योजना निर्माण गर्नको लागि बैठक सम्पन्न भएको छ।

काठमाडौँबासी म्याग्देलीहरूबाट म्याग्दी जिल्लाका लागि विभिन्न स्वास्थ्य सुरक्षा सामाग्री प्रमुख जिल्ला अधिकारी मार्फत हस्तान्तरण गरिएको छ।

आज गण्डकी गाउँपालिकाको, भुम्लिचोक ,गोर्खामा कोभिड-१९ को रोकथाम, नियन्त्रणका साथै दादुरा-रुवेला रोगको खोप अभियान सम्बन्धी पालिकास्तरिय खोप समन्वय समितिको १ दिने अभिमुखिकरण गोष्ठि सम्पन्न भएको छ । कार्यक्रममा स्वास्थ्य सेवा विभाग,परिवार कल्याण महाशाखाका खोप अधिकृत स्वास्थ्य कार्यालय गोर्खाका खोप अधिकृत, स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य निरिक्षकको उपस्थिति रहेको थियो भने प्राविधिक सहजिकरण WHO-IPD ले गरेको थियो।

आज कास्कीमा १ जना र म्याग्दीमा ४ जनामा डेंगु रोग देखा परेको छ।

आज थप कसैको पनि PCR परिक्षणका लागि नमुना संकलन गरिएको छैन। अहिलेसम्म गण्डकी प्रदेशमा ६३५ जनाको नमुना संकलन भएको छ जसमा ६३३ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ। त्यसैगरी आजसम्म गण्डकी प्रदेशमा ५८८२ जनामा (आज ४८) RDT परिक्षण गरिएको छ।

आजसम्म हेल्लो डाक्टर १०९२ मा ७७५ जनाले चिकित्सकीय परामर्श सहितको विशेषज्ञ सेवा लिएकाछन्।

**डा विनोद विन्दु शर्मा**
**निर्देशक**